# कालिका गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
धैबुङ, रसुवा

प.सः २०७९/०८०
च.नं. 1660

बागमती प्रदेश, नेपाल

२०८०/०३/१०

श्री सम्पूर्ण सरोकारवालाहरु,
कालिका गाउँपालिका, रसुवा।

<u>वियषः खर्च भुक्तानी बन्द हुने सम्बन्धमा।</u>

प्रस्तूत विषयमा यस कालिका गाउँपालिका संग आ.व. २०७९/८० मा सम्झौता गरि संचालनमा रहेका विभिन्न योजना तथा कार्यक्रम लगाएत यस कार्यालयले भुक्तानी गर्नुपर्ने जुनसुकै प्रकारका कामहरु सम्पन्न गरी अन्तिम भुक्तानिका लागि मिति २०८०/०३/२० गते सम्ममा आवश्यक कागजात सहित यस कार्यालयमा पेश गर्नुहुन अनुरोध छ।

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावलि , २०७७ को उपनियम (१),(२) र (७) मा आर्थिक वर्ष समाप्त हुनुभन्दा ७ दिन अगावै भुक्तानि र निकासा सम्पन्न गरी खर्चको लेखा अद्यावधिक गर्नुपर्ने र भुक्तानि बन्द गर्नुपर्ने व्यवस्था छ। बाँकि समयमा कर दाखिला गर्ने, नेपाल सरकार तथा प्रदेश सरकारलाई फिर्ता गर्नुपर्ने अनुदान फिर्ता गरि सो को विवरण र बैंक दाखिला भौचर कोष तथा लेखा नियन्त्रक कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था रहेको छ।आ.व. २०७९/०८० को सम्पूर्ण कारोवारको हिसाब मिलान गरी संघीय सरकार, प्रदेश सरकार, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग लगाएत निकायहरुमा प्रतिवेदन पठाउने समेतका कार्याहरु यसै आर्थिक वर्ष भित्र सम्पन्न गर्नुपर्ने बाध्यात्मक कानूनी व्यवस्था भएकोले तोकिएको समयसिमा भन्दा पछाडि पेश हुन आएका भुक्तानिका फाइलहरुको भुक्तानि हुन नसक्ने र त्यसको जिम्मेवार गाउँपालिका नहुने व्यहोरा सम्बन्धीत सबैको जानकारीका लागि अनुरोध छ।

<u>सादर अवगतार्थः</u>

श्रीमान् अध्यक्ष्यज्यू, कालिका गाउँपालिका, रसुवा।
श्रीमान् उपाध्यक्ष्यज्यू, कालिका गाउँपालिका, रसुवा।

<u>बोधार्थः</u>

श्री योजना/प्राविधिक लगाएत सम्पूर्ण विषयगत शाखाहरु, कालिका गाउँपालिका।
श्री वडा कार्यालयहरु सबै, कालिका गाउँपालिका।
श्री सूचना प्रविधि शाखा- फेसबुक तथा वेवसाइटमा अपलोड गरिदिनुहुन।

०३/१०
लेखा अधिकृत

प्रमुख प्रशासकीय अधिकृत